# रुरुक्षेत्र गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

बलेटक्सार, गुल्मी
५ नं. प्रदेश, नेपाल।
☎ ०७९-४१०१०४

च.नं. : ११३४
प.सं. :०७६/०७७

मिति:२०७६/११/२९

रुरुक्षेत्र गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय बलेटक्सार,गुल्मी ५ नं. प्रदेश, नेपाल

## करारमा सेवा लिने सम्बन्धी सूचना।

प्रथम पटक प्रकाशित मिति: २०७६/११/२९

यस गाउँपालिकाको लागि देहायका पद र संख्यामा स्थायी कर्मचारी आएको अवस्थामा करार सेवा समाप्त हुने गरी साथै विज्ञापन अवधि भित्र स्थायी कर्मचारी आएमा स्वत: पद संख्या घट्ने गरी गाउँ कार्यपालिकाको मिति २०७६/११/२१ को निर्णय अनुसार यस गाउँपालिका अन्तर्गत रही कामकाज गर्ने गरी देहायका कर्मचारी सेवा करारमा भर्ना गर्नुपर्ने भएकोले योग्यता पुगेका नेपाली नागरिकहरुले यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र कार्यालय समय भित्र राजस्व तिरेको रसिद सहित दरखास्त दिनु हुन सम्वन्धित सवैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ। सूचनाको विस्तृत विवरण कार्यालयबाट वा वेवसाइट www.rurumun.gov.np बाट उपलब्ध हुनेछ।

माग गरिएको पदको विवरण

| विज्ञापन नं. | पद | तह | संख्या | आबश्यक योग्यता | दरखास्त दस्तुर |
|---|---|---|---|---|---|
| ०६/२०७६/०७७ | ल्याब असिस्टेन्ट | सहायक चौथों | १ जना | मान्यता प्राप्त शैक्षिक संस्थाबाट S.L.C./S.E.E. उत्तीर्ण गरी ल्याव असिस्टेन्ट कोर्ष पुरा गरी सम्बन्धित परिषद्मा दर्ता भएको। | रु. ५००/- |
| ०७/२०७६/०७७ | ना.प्रा.स. (कृषि) | सहायक चौथों | १ जना | मान्यता प्राप्त शैक्षिक संस्थाबाट T.S.L.C. (कृषि) उत्तीर्ण गरेको वा S.L.C./S.E.E. उत्तीर्ण गरी कम्तिमा १८ महिनाको J.T.A. कोर्ष पुरा गरेको। | रु. ५००/- |
| ०८/२०७६/०७७ | ना.प्रा.स. (पशु) | सहायक चौथों | १जना | मान्यता प्राप्त शैक्षिक संस्थाबाट T.S.L.C. (पशु) उत्तीर्ण गरेको वा S.L.C./S.E.E. उत्तीर्ण गरी कम्तिमा १८ महिनाको J.T.A. कोर्ष पुरा गरेको। | रु. ५००/- |
| ०९/२०७६/०७७ | कार्यालय सहयोगी | | १ जना | मान्यता प्राप्त शैक्षिक संस्थावाट कक्षा ८ उत्तीर्ण गरेको। | रु. ३००/- |

शर्तहरु:

१. परिक्षाको किसिम: अन्तरवार्ता।

२. उमेर हद: १८ वर्ष पुरा भई ३५ वर्ष ननाघेको हुनुपर्ने तर लक्षित वर्गको हकमा ४० वर्ष ननाघेको हुनुपर्ने छ।

३. निवेदन वुझाउने स्थान: रुरुक्षेत्र गाउँपालिकाको कार्यालय, बलेटक्सार।

४. निवेदन दिनुपर्ने अन्तिमं मिति: २०७६/१२/१३ गते सम्म कार्यालय समयमा।

५. निवेदनका साथ पेश गर्नुपर्ने कागजातहरु: शैक्षिक योग्यताको प्रमाणित प्रतिलिपी, नेपाली नागरिकता प्रमाणपत्रको प्रतिलिपी, अनुभवको प्रमाणित प्रतिलिपि, काउन्सिलमा दर्ता भएको प्रमाणपत्रको प्रतिलिपी र दरखास्त दस्तुर वुझाएको नगदी रसीद वा यस कार्यालयको मेगा वैङ्क नेपालमा रहेको संचित खाता नं. ०४९००१००३६५४३ मा रकम जम्मा गरेको सक्कल वैङ्क भौचर। (सो को पछाडी उम्मेदवार स्वयंले हस्ताक्षर गरी प्रमाणित गर्ने।)

६. सम्पर्क मिति: २०७६/१२/१४ सोही दिन अन्तवार्ताको मिति तोकिनेछ।

७. अन्य प्रचलित कानुनद्धारा अयोग्य नभएको।

८. विज्ञापन अवधि भित्र स्थायी कर्मचारी आंशिक आएमा पद संख्या घट्ने वा पुरा संख्यामा आएमा विज्ञापन भएको पद स्वत: खारेज हुनेछ।

**९. काम गर्नुपर्ने स्थान:**

विज्ञापन नं. ६ का लागि रुरुक्षेत्र गाउँपालिका वडा नं. १ रुरु प्राथमिक स्वास्थ्य केन्द्र।

विज्ञापन नं. ७ का लागि रुरुक्षेत्र गाउँपालिका कृषि विकास शाखा।

विज्ञापन नं. ८ का लागि रुरुक्षेत्र गाउँपालिका पशु विकास शाखा।

विज्ञापन नं. ९ का लागि रुरुक्षेत्र गाउँपालिका वडा नं. १, श्री रिडी आयुर्वेद औषधालय, रिडी।

१०. तलव स्केल: आपसी समझदारीमा तय गरिनेछ।

११.थप जानकारीको लागी सम्पर्क नं. र इमेल ठेगाना: ९८५७०६७९१६, ९८४७०५९३८४ र ruralruru@gmail.com

१२. सूचनामा उल्लेखित भए वाहेकका अन्य कुराहरु प्रमुख प्रशासकीय अधिकृतको संयोजकत्वमा रहेको अन्तवार्ता तथा सिफारिस समितिले निर्धारण गरे वमोजिम हुनेछ।

प्रमुख प्रशासकीय अधिकृत

प्रमुख प्रशासकीय अधिकृत